# आदिवासी जनजातिः पहरी

**सिमान्तकृत समूह**
**संस्थाः** नेपाल पहरी विकास संघ, केन्द्रिय कार्य समिति, काठमाडौं ।

पहरी जाति आफुलाई "पीही" भनी चिनाउँदछ । नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार पहरी जातिको कुल जनसंख्या १३,६१५ रहेको छ । जसमा पुख्यौंली थलो दैलेख भनिएता पनि यसमा फरक मत रहेको पाइन्छ । जनसंख्याको हिसाबले ललितपुरको गोदावरी नगरपालिका -४ बडिखेलमा बढी संख्यामा बसोबास रहेको पाइन्छ ।
पहरीहरुले आफुले बोल्ने भाषालाई "पिही भ्या" भनिन्छ । पहरी जाति नेवार भाषा संस्कृतिसँग केही मिल्दो जुल्दो रहेको पाइन्छ । राष्टिय जनगणना २०६८ अनुसार पहरी भाषा बोल्नेको कुल जम्मा संख्या ३,४५८ रहेको छ । पहरीको आफ्नो मातृभाषा भएता पनि बेग्लै लिपी भने छैन । भाषागत लिपी नभएका कारण लिखित इतिहास रहेको कतै पाइदैन ।

पहरी जाति भित्र रहेका उपजातिहरुः नगरकोटी/ पाहाडी/ पहाडी पोखल/ ढुधेल पहरी/ पहारी । पहरी जाति अन्तर्गत २१ वटा थर रहेको पाइन्छ । ती हुन्ः नगरकोटी, मासिके, दुदेल, केरूङ्ग, पहारी, पहाडी, शाक्य, श्रेष्ठ, प्रधान, मान्द्रथोकी, भुसेल, बन्दने, कर्ज, कालिञ्चोके, धोर्चे, फुलासिमे, गार्गमे, गोर्जे, मिजार, मुल्मुलचोकी, टोकान्छी, कुखुरेझाक्री, राजवंशी, सुर्यवंशी, पत्थरवंशी, रघुवंशी, देउवंशी ।

नेपालको मध्य पहाडी भु-भाग महाभारत पहाडी शृङखलाहरां प्रचिन काल देखि बसोबास गर्दै आएका पहरी जाति काठमाडौं उपत्यकाको दक्षिण पूर्व काभ्रे र ललितपुर यिनीहरुको उद्गम स्थल मानिन्छ । यिनीहरु हालमा आएर भक्तपुर, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, रामेछाप, दैलेख हुदै तराई तिर रौटहट, बारा, पर्सा, सर्लाही, झापा, मोरङ, उदयपुर, ओखलढुंगा, इलाम, धादिङ, कास्की लगायत ४१ जिल्लाहरुमा बसोबास विस्तार भएको पाइन्छ ।

लिच्छवीकालमा राजा मानदेवको पालामा काभ्रेको पलाञ्चोक भगवती मन्दिरको हेरचाह, सुरक्षा, पुजापाठ र गुठी, जात्रा चलाउने जिम्मा र परम्परा पहरी जातिले गर्दै आएको छ । मल्लकालिन समयमा दरबारको सुरक्षार्थ फौजीको रुपमा सेना पहरेदारको काम गर्दथे । कीर्तिपुर र साङ्गाको लडाईमा पृथ्वी नारायण शाहको फौजसँग बादल सिंह पहरीको कमाण्डमा युद्ध लडेको इतिहास पनि पाइन्छ । काभ्रे र सिन्धुपाल्चोक जिल्लाको सिमानामा रहेको सिमथली गाउँमा पहरी जातिको राज्य थियो । त्यहाँ बसोबास गर्ने पहरीहरुले राजा रानीको नाम गोल्म राजा गोल्म रानीको नामले अझ पनि पूजा गर्दछ ।

पहरीहरु सोझो, परिश्रमी र कर्मठ जनजातिको रुपमा चिनाउन चाहन्छन । पहरी जातिहरु प्रकृति पूजक हुनाल यिनीहरु वनजङ्गल, ढुंगा, खोला नालासँग सम्बन्धित रहेको पाइन्छ । पहरी जातिको मुख्य पेशा कृषि, पशुपालन, शिकार खेल्ने, माछा मार्ने तथा मौलिक शीपको रुपमा जंङ्गलमा पाइने बेतबाँसबाट विभिन्न सामग्री डोको, डाली, नाङ्लो, र्‍याक, फ्रेम आदी बनाउने गर्दछन् । पहरी जातिलाई पेशा र बासस्थानका आधारमा निम्न वर्गीकरण गरेको पाइन्छ ।

क) राजपहरी-राजदरवारमा सिपाही पहरेदारको काम गर्ने ।
ख) सुनपहरी- मन्दिरमा पुजाआजा गर्ने जात्रा चलाउने ।
ग) पाखापहरी-पशुपालन, खेतीपाति र वेतबाँसको काम गर्ने ।
घ) खोलापहरी-खोलामा माछा मार्ने शिकार गर्ने ।

पहरी जातिको मौलिक भेषभुषाको रुपमा पुरुषहरु दौरा सुरुवाल, भोटो, ईष्टकोट र टोपी लगाउने चलन छ । त्यसै गरी महिलाहरु चोलो र फरिया लगाउछन् । परम्परागत गरगहना र रुपसज्जामा महिलाहरु ढुङ्ग्री, झुम्का, बाला, फूली, बुलाकी र तिलहरी लगाउने चलन रहेको छ । पुरुषहरुले औंठी लगाउने गर्दछन ।

पहरीहरु हिन्दु र बौद्ध धर्मावलम्बीका रुपमा रहेको पाइन्छ । यिनीहरुको प्रमुख धार्मिक पुजाहरुमा भूमे पूजा, गणेश तथा देवी पूजा, देवानी पूजा, क्षमा पूजा, गुठी पूजा, रुद्री पूजा र कुलदेवताको पूजा पर्दछन् । यिनीहरुको मौलिक देवी देवताको रुपमा कुमारीलाई लिने गरिन्छ । परम्परागत देवी देवताहरुमा गणेश, देवी, खडगदेवी, सरस्वती, काली, लक्ष्मी र भिमसेन पर्दछ । कुल देवताको रुपमा देवालीको दिन पुजा गरी मुख्य देवताको रुपमा मान्दछन । परम्परागत पुरोहितको रुपमा गुभाजु तथा ब्राह्मणहरुलाई मान्दै आएको पाइन्छ । औषधी उपचार र अन्य प्रयोजनका लागी धामी झाक्री लगाउने पनि गर्दछ । मुख्य चाडपर्वहरुमा चैते पूर्णिमा, गठे मङ्गल, गाईजात्रा, इन्द्रजात्रा, गुठीजात्रा, जनैपुर्णिमा, माघे संक्रानती, शिवरात्री, फागुपुर्णिमा, दशै र तिहार पर्दछन् । यस प्रकार धार्मिक सांस्कृतिक पुजा आजा तथा स्थानीय जात्रा पर्वहरु मनाउन परम्परागत गुठीको ब्यवस्था भएको पाइन्छ । गुठीलाई ब्यवस्थित गर्ने काममा स्थानीय थकाली तथा वृद्धहरुको सक्रियता रहदै आएको छ ।

पहरी जातिको आफ्नै किसिमको राजनितिक शासन प्रणाली रहेको थियो । स्थानीय पहरी समुदायको जमिन्दार "व्दारे" ले सामजिक न्याय हेर्ने, कर उठाउने र परम्परागत शासकीयको रुपमा कार्य गर्दथे । पहरी जातिको परम्परागत संस्थाको रुपमा गुठीलाई लिइन्छ । परम्परा देखि सामाजिक सहयोग र कृषि उत्पादनलाई ब्यवस्थित गर्न चल्दै आएको पर्म प्रथा हालसम्म प्रचलनमा छ ।पहरीहरुले गाउने "ख्याली" गीतको भाका पश्चिम तिर गाइने गीतसँग मिल्दो जुल्दो छ ।